# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर
**Bagmati Province Office, Sanepa, Lalitpur**


## प्रेस-विज्ञप्ति

२० पुस, २०७७

**द्वन्द्वपीडितको न्यायप्राप्तिको हक सुनिश्चित गर ।**

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीलाई कारबाहीको माग राखी पछिल्लो पटक २०७७ पुस ६ गतेदेखि वीर अस्पताल ट्रमा सेन्टरमा आमरण अनसनमा रहनुभएकी गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन गरेको छ । अनुगमनको क्रममा निजको स्वास्थ्य अवस्था कमजोर र गम्भीर बन्दै गएको पाइएको छ ।

आयोगले उक्त घटनाको अनुसन्धान गरी दोषीउपर फौज्दारी अभियोगमा कारबाही चलाउन तथा पीडित परिवारजनलाई क्षतिपूर्ति उपलब्ध गराउन २०६४ चैत्र २३ गते नेपाल सरकारलाई सिफारिस गरेको स्मरण गर्दछ । लामो समयदेखि किनारा नलागेको कृष्णप्रसाद अधिकारीको हत्या प्रकरण जस्ता सशस्त्र द्वन्दकालीन मानव अधिकार हननका घटनाको सम्बन्धमा यथाशक्य छिटो छिनोफानो गर्न आवश्यक छ । यसबाट मात्रै व्यक्तिको न्यायप्राप्तिको अधिकार समयमै सुनिश्चित हुनसक्तछ । यस सम्बन्धमा आयोगको बागमती प्रदेश कार्यालयले उहाँको जीवनरक्षाको लागि आवश्यक व्यवस्था र समन्वय गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार समेत गरी सकेको छ ।

अत: निज गङ्गामाया अधिकारीको न्यायको हक सुनिश्चित गर्दै जीवन रक्षाको लागि तत्काल प्रभावकारी कदम चाल्न तथा यसअघि सरकारले गरेका प्रतिबद्धताहरूसमेत पालना गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउदछ ।

यज्ञप्रसाद अधिकारी
सह-सचिव


फोन नं. ००९७७- १-५४२९१७२, फ्याक्स नं. ००९७७-१-५४३०३६२ सानेपा, ललितपुर
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
*Email:nhrcsnp@nhrcnepal.org/* वेबसाइट: www.nhrcnepal.org